म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १५२ शुक्रबार २९ पुस २०७९ ने. सं. ११४३ पेहेलागा 13 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

साझाकुरा

www.sajhakuranews.com राष्ट्रिय दैनिक

**धूम्रपान नगरौं, स्वस्थ जीवन बाँचौ**

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं ।
- धुम्रपानले तपाईं र परिवार सबैलाई असर पुऱ्याउँछ ।

*त्यसैले, धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# बागमतीले आज दोस्रो सभामुख पाउँदै, तीन जनाको उम्मेदवारी

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/ बागमती प्रदेशसभाले आज शुक्रबार दोस्रो कार्यकालका लागि दोस्रो सभामुख पाउँदैछ । आज ११ बजेदेखि सुरु हुने सभामुख निर्वाचनका लागि ३ जना प्रतिस्पर्धामा छन् ।

तीन जनाबीच हुने प्रतिस्पर्धाबाट बागमतीले दोस्रो सभामुख पाउन लागेको हो । प्रदेशसभाको पहिलो कार्यकालमा सभामुख सानुकुमार श्रेष्ठ थिए । आगामी पाँच वर्षका लागि निर्वाचनमा होमिएका भुवनकुमार पाठक, शिवराज अधिकारी र सिर्जना सयजुमध्ये एक जना सभामुख हुने पक्का छ । निर्वाचनको कार्यतालिका अनुसार बिहिबार प्रदेशसभा सचिवालयमा पुगेर ३ जनाले सभामुखको लागि उम्मेदवारी दिएका हुन् । सत्ता गठबन्धनको तर्फबाट राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का भुवनकुमार पाठकले उम्मेदवार छन् ।

पाठकलाई नेकपा एमालेले प्रस्ताव र नेकपा माओवादी केन्द्रले समर्थन गरेको छ । उनको प्रस्तावकमा नेकपा एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया र समर्थकमा नेकपा माओवादी केन्द्रका सांसद युवराज दुलाल रहेका छन् । बागमतीमा सत्ता गठबन्धनमा एमाले, माओवादी केन्द्र, राप्रपा, नेकपा एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टी छ । गठबन्धन एमाले, माओवादी र राप्रपाबीच भएपनि







बागमतीमा सरकार गठनका लागि एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीले पनि समर्थन दिएका थिए ।

सत्ता गठबन्धन कायमै रहेको अवस्थामा सभामुखमा उम्मेदवार पाठक निर्वाचित हुने लगभग पक्का छन् । गठबन्धनसँग मात्रै ७० जना सांसद रहेका छन् । १ सय १० सदस्यीय प्रदेशसभामा ७० सांसदको समर्थनमा सरकार बनेको छ । अर्थात पाठकको पक्षमा ७० जना सांसद देखिएका छन् । यसैगरी, सभामुखकै लागि बागमती प्रदेशको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले पनि उम्मेदवारी दिएको छ । नेपाली कांग्रेसको तर्फबाट शिवराज अधिकारीले उम्मेदवारी दर्ता गराएका छन् । अधिकारीको प्रस्तावकमा सांसद कुन्दनराज काफ्ले र समर्थकमा रामकृष्ण चित्रकार छन् ।

अधिकारीको पक्षमा हालसम्म ३७ सांसद मात्रै छन् । सरकारलाई समर्थन नगरेको नेपाल मजदुर किसान पार्टी (नेमकिपा)ले पनि सभामुखमा उम्मेदवारी दिएपछि कांग्रेसको ३७ मत अधिकारीलाई जाने देखिन्छ । नेपाल मजदुर किसान पार्टी (नेमकिपा)की सिर्जना सैयजुले पनि सभामुख पदमा उम्मेदवारी दर्ता गराएकी छन् । उनको प्रस्तावकमा सांसद गीता काफ्ले र समर्थकमा नेमकिपा संसदीय दलका नेता सुरेन्द्रराज गोसाई रहेका छन् । नेमकिपाको प्रदेशसभामा ३ मत रहेको छ ।

सभामुख पदको उम्मेदवारी दर्ता गराउने समय बिहीबार दिउँसो २:३० बजेसम्मका लागि तोकिएको थियो । तीन जनाले २ बजेभित्र नै मनोनयन दर्ता गराएका थिए । प्रदेशसभामा सभामुखका लागि पाठक, अधिकारी र सैयजुबीच त्रिपक्षी प्रतिस्पर्धा हुने तय भएको प्रदेशसभा सचिवालयका सूचना अधिकारी सुन्दर बाँस्कोटाले जानकारी दिए । बागमती प्रदेशसभाको आज शुक्रबार बिहान ११ बजे बस्ने बैठकले सभामुख चयन गर्ने कार्यक्रम रहेको प्रदेशसभा सचिवालयका सचिव एवं निर्वाचन अधिकृत कृष्णहरि खड्काले जानकारी दिए । प्रदेशसमा सरकार गठन गर्दा संसदको ५ दलका ७० सांसदले मुख्यमन्त्री शालिकराम जम्मकट्टेललाई समर्थन गरेका थिए ।

केन्द्रमा रहेको सत्ता गठबन्धनको ३ वटा दलमात्रै बागमती प्रदेशसभामा रहेको छ । नेकपा एमाले, नेपाली कांग्रेस र राप्रपा । तर, मुख्यमन्त्री जम्मकट्टेललाई गठबन्धनबाहिर रहेको नेकपा एकिकृत समाजवादी र हाम्रो नेपाली पार्टीले पनि समर्थन गरेको थियो । मुख्यमन्त्री जम्मकट्टेललाई समर्थन गरेका समाजवादी र हाम्रो नेपाली पार्टीले सभामुखमा आफ्नो उम्मेदवार उठाएको छैन । त्यसैले सत्ता गठबन्धनको तर्फबाट उम्मेदवार बनेका राप्रपा महामन्त्री पाठकले मुख्यमन्त्रीलाई समर्थन गरेका ५ वटै दलबाट मत पाउने भएको छ ।

प्रदेशसभामा नेकपा एमालेको २७, नेकपा माओवादी केन्द्रको २१, राप्रपाको १३, समाजवादीको ७ र हाम्रो नेपाली पार्टीको २ मत छ । यसरी हेर्दा पाठकको पक्षमा ७० मत खस्ने सम्भावना देखिन्छ । सभामुखमा निर्वाचित हुनको लागि ५६ मत भए पुग्छ । संसदको सबैभन्दा ठुलो दल अर्थात प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका उम्मेदवार अधिकारीलाई नेपाली कांग्रेसको ३७ सांसदको साथ रहेको छ । नेमकिपाका ३ सांसद प्रदेशसभामा रहेका छन् । सत्तारुढ दलको केन्द्रीय भागबण्डाअनुसार मुख्यमन्त्री माओवादी केन्द्रले, सभामुख राप्रपा र उपसभामुख एमालेले पाउने निर्णय भएको थियो । उपसभामुखका लागि एमालेले हालसम्म उम्मेदवार चयन नगरेको जनाइएको छ ।

सात दलीय गठबन्धनको सत्ता भागबण्डामा बागमती प्रदेशको सभामुख राप्रपाको भागमा परेपछि राप्रपाका पाठक सभामुख बन्ने निश्चित जस्तै छ । सत्तारुढ गठबन्धनले बागमती प्रदेशको मुख्यमन्त्री माओवादी केन्द्र र नेकपा एमालेलाई आलोपालो, सभामुख राप्रपा तथा उपसभामुख एमालेलाई भाग लगाएको थियो । उपसभामुख चयन प्रक्रियाको भने अझै टुंगो लागेको छैन ।

# २० वर्षमा पनि कान्तिलोकपथ अधुरै

## मकवानपुरतर्फ २० प्रतिशत काम हुन बाँकी

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/ राज्यको पर्याप्त ध्यान पुग्न नसक्दा कान्तिलोकपथ मार्ग निर्माण सुरु भएको दुई दशकमा पनि अझै सम्पन्न हुन सकेको छैन ।

काठमाडौं उपत्यकालाई मकवानपुरसँग जोड्ने छोटो मार्गका रुपमा रहेको सो सडकमा अझै कतिपय खण्ड निर्माणका लागि ठेक्कामा जान बाँकी छ । सहज भूवनोट भएका ठाउँमा सडक कालोपत्र अझै पनि बाँकी रहेको कान्ति राजमार्ग योजनाले जनाएको छ। मकवानपुरतिर साढे तीन किमी बाँकी र ललितपुरतर्फ झण्डै १० किमी सडक कालोपत्र हुन बाँकी रहेको योजनाका प्रमुख सुरेश न्यौपानेले बताए ।

उनले ललितपुरतर्फ १० किमी सडकमध्ये सात किमी चालू आर्थिक वर्षमा पूरा हुने बताए । उनले भने, 'दुवै जिल्लाको बाँकी खण्डमा पनि यही वर्ष ठेक्कामा जान तयारी गरिएको छ,' अहिले काल्चे, भट्टेडाँडा, छपेली बजार आसपासमा कालोपत्र भइरहेको छ ।

तीनपानेमा ठाउँठाउँमा गरी पहिले अस्थिर रहेको ठाउँमा एक किमी सडक कालोपत्र गर्न बाँकी रहेको प्रमुख न्यौपानेले बताए । ललितपुरतर्फ तीन किमी कडा चट्टान छ भने आठ सय मिटरमा ठाउँठाउँमा पहिरो छ । चालू आवमा ललितपुरतर्फको सात किमी सडक सम्पन्न भएमा झण्डै साढे छ किमी सडक निर्माण बाँकी हुने योजनाले जनाएको छ ।

ललितपुरमा तीन किमी र मकवानपुरमा साढे तीन किमी बाँकी छ । यो खण्डमा बहुवर्षीय ठेक्कामा जान स्वीकृतिका लागि र ाष्ट्रिय योजना आयोग हुँदै अर्थ मन्त्रालयसँग ६६ करोड माग गरि एको छ । बजेट स्वीकृति भएपछि काम भएको बाँकी खण्डमा काम



अगाडि बढ्नेछ ।

सरकारले वि.सं. २०६९ मा योजना स्थापना गरेर आव २०७१/७२ देखि बहुवर्षीय ठेक्का लागू गरी काम सुरु गरेको थियो । सरकारले योजनालाई हाल पहिलो प्राथमिकताको योजना (पि वान) मा राखेको छ ।

विगतका वर्षमा वर्षाको समय पहिरोका कारण अवरुद्ध भइरहने खण्डमा विभागले अहिले अध्ययन गरिरहेको प्रमुख न्यौपानेले बताए । विभागको 'जिओ इन्भाएरोमेन्ट युनिट'ले मकवानपुरमा काम गरिरहेको र त्यो काम सकाएपछि ललितपुरतर्फको बाँकी काम गर्ने उनले बताए ।

'कस्तो संरचना निर्माण गर्ने भन्ने अध्ययनको प्रतिवेदन आउने क्रममा छ, आएपछि काम गर्न सकिनेछ,' उनले भने । अहिले योजनाले माग गरेको बजेट र प्रतिवेदन आएपछि ठेक्का प्रक्रिया अघि बढाइनेछ । चालू आवभित्रमा ठेक्कामा जान सके अर्को दुई आवमा निर्माण सकिने गरी योजना बनाइएको छ ।

चट्टान फुटाउन विस्फोट (ब्लास्टिङ) चाहिने भएकाले काठमाडौं-तराई द्रुतमार्ग आयोनामा कार्यरत नेपाली सेनासँग कुराकानी भइरहेको आयोजनाले जानकारी दिएको छ । हाल सो आयोजनाले समेत आवश्यक सामग्री कान्ति राजमार्गको प्रयोग गरेर ढुवानी गरिरहेको छ । सेनाले पनि यसका लागि सहयोग गर्न सकिने बताएको छ ।

पहिले राजमार्ग हेटौंडाबाट टिकाभैरब, चापागाउँ हुँदै सातदोबाटोसम्म हुने गरी रेखांकन भएको थियो । चापागाउँ-सातदोबाटो सडक विस्तार हुन नसकेपछि यसको रेखांकन परिवर्तन गरेर टिका भैरबबाट भैंसेपाटी हुँदै नख्खु पुग्ने भएको छ । टिकाभैरबबाट हेटौंडाको बुद्धचोकसम्म ७९ किमी सडक योजनाले निर्माण गरिरहेको छ ।

काठमाडौं उपत्यकाभित्र पर्ने टिकाभैरबबाट नख्खु चोकसम्म सडक काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले विस्तार गरिरहेको छ । झण्डै ९० किमी लम्बाईको राजमार्ग सबैतिर दुई लेनको हुनेछ । अहिले एक लेन रहेको पुलसमेत विस्तार गरिने योजनाको तयारी अघि बढाएको छ ।

चालू ठेक्कामा ललितपुर तर्फ बिरुवा एसएल सुनकोसी जेभी र सूर्य वाइवा कन्स्ट्रक्सन गरी दुई निर्माण कम्पनी कार्यरत छन् भने मकवानपुरमा नागार्जुन सर्वशक्तिले निर्माणको काम गरिरहेको छ । मकवानपुरतर्फ ८० प्रतिशत प्रगति रहेको र बाँकी काम चैतसम्ममा सम्पन्न हुने प्रमुख न्यौपानेले जानकारी दिए ।

# फाष्ट ट्र्याक निर्माण कार्य २१ प्रतिशत सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको काठमाडौं-तराई-मधेश फाष्ट ट्र्याक निर्माण कार्य २१ प्रतिशत सम्पन्न भएको छ ।

फाष्ट ट्र्याक निर्माण कार्यको जिम्मेवारी लिएको नेपाली सेनाले हालसम्म २१ प्रतिशत काम सम्पन्न गरेको हो । नेपाली सेनाले निर्धारित समयमा काम सम्पन्न गर्ने लक्ष्य सहित कामलाई तीब्रता दिएको छ । बाराको निजगढबाट काठमाडौंको खोकना जोड्ने ७२ दशमलभ ०६ किलोमिटरको यो बाटो निर्माणको जिम्मा भने नेपाली सेनालाई २०७४ सालमा दिइएको थियो ।

२०७४ सालमा सेनाले जिम्मा लिएको भएपनि काम भने २०७५ सालबाट मात्रै शुरु भएको नेपाली सेनाको दुर्तमार्ग निर्माण आयोजना समितिले जनाएको छ । मकवानपुर जिल्लाको लेनडाँडा सहित विभिन्न स्थानमा अस्थायी क्याम्प नै खडा गरेर सेनाले सो बाटो बनाइरहेको छ ।

लेनडाँडा अस्थायी क्याम्पका प्रमुख सेनानी रामसागर यादवले द्रुत मार्ग निर्माणका लागि विभिन्न तीन स्थानमा सुरुङ बनाउनुपर्ने भएकाले सोहि अनुसार काम भइरहेको जानकारी दिए । उनले २०८१ मंसिर सम्ममा सेनाले द्रुत मार्ग सम्पन्न गराउने लक्ष्य लिएको भन्दै सोहि अनुसार अहिले काम भइरहेको बताए । द्रुत मार्ग निर्माणका लागि आवश्यक पर्ने सुरुङ मार्ग निर्माणको काम चिनियाँ प्राबिधिकहरुको सहयोगमा तीब्र रुपमा अगाडि बढाइएको उनको भनाई छ ।

कोरोनाका कारण ठेक्का लगाउन केही ढिला भएपनि अहिले काम तीब्र गतिमा अगाडि बढिरहेको उनले बताए । खोकना बाधक दुर्तमार्ग निर्माणका क्रममा अन्य ठाउँको मुअब्जा सम्बन्धी समस्या समाधान भएको भएपनि ललितपुरको खकनामा विवाद उत्पन्न हुँदा भने सेनालाई काम गर्न कठिन भइरहेको सेनाका अधिकारीहरुले बताएका छन् ।

# लागूऔषध गाँजासहित दुईजना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/ मकवानपुर प्रहरीले लागूऔषध गाँजासहित दुईजनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी सहायक निरीक्षक केदार विकको टोलीले ७ ७ किलो गाँजा सहित दुई जनालाइ क्राउ गरेको हो । हेटौंडा ११ थानाभर्याङस्थित पूर्वपश्चिम राजमार्गमा मनहरीबाट हेटौंडा तर्फ आउँदै गरेको ना ८ ख ९५३ नम्बर को बस चेक जाच गर्दा उक्त परिणामको गाँजा सहित मानिस नियन्त्रणमा लिएको जनाइएको छ ।


प्रहरीले बसमा सवार मकवानपुर राक्सिराङ गाउँपालिका १ बस्ने वर्ष ६० का डिल बहादुर चेपाङको साथबाट ५ किलो ७ सय ग्राम तथा सोही ठाँउ बस्ने वर्ष १९ का प्रकाश चेपाङको साथबाट १ किलो ३ सय ग्राम लागू औषध गाँजा फेला पारी नियन्त्रणमा लिएको छ । दुबैजनालाई जिल्ला प्रहरी कार्यालय ल्याई थप अनुसन्धान भइ रहेको प्रहरी प्रबक्ता टेक बहादुर कार्कीले जानकारी दिए ।

# बागमती प्रदेश प्रहरी प्रमुखमा थापा

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/ बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडाको प्रमुखमा प्रहरी नायब महानिरीक्षक (डीआईजी) दिपक थापा आउने भएका छन् ।

प्रहरी प्रधान कार्यालयले नेपाल प्रहरीका १७ जना डीआईहरुको एकसाथ काज सरुवा गरेपछि थापा हेटौंडा आउने भएका हुन् । थापा प्रहरी प्रधान कार्यालयको प्रशासन विभाग तथा आर्थिक प्रशासन महाशाखा प्रमुख थिए । थापा यसअघि जिल्ला प्रहरी कार्यालय मकवानपुरको प्रहरी नायव उपरीक्षक (डिएसपी)को पदमा रहेका काम गरेका थिए । बागमती प्रदेश प्रहरी कार्यालयकी प्रमुख प्रहरी नायब महानिरीक्षक (डीआईजी) किरण



बज्राचार्यलाई प्रहरी प्रधान कार्यालय नक्साल तानिएको छ ।उनलाई प्रहरी प्रधान कार्यालयको प्रशासन विभाग तथा आर्थिक प्रशासन महाशाखाको जिम्मेवारी दिइएको छ ।

यसैगरी, नेपाली प्रहरीका प्रवक्ता टेकप्रसाद राई लुम्बिनी प्रदेशको प्रहरी प्रमुखमा सरुवा भएका छन् । प्रहरी प्रधान कार्यालय नक्सालमा कार्यरत डीआईजी बसन्तबहादुर कुँवर मधेश प्रदेश प्रहरी कार्याल, प्रदेश १ प्रहरी कार्यालय विराटनगर मा श्यामलाल ज्ञवाली, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा किरण राणा र विशेष ब्यूरोमा सुदीप गिरीलाई काज सरुवा गरिएको छ । प्रहरी प्रवक्ता टेकप्रसाद राईलाई लुम्बिनी प्रदेश प्रहरी कार्यालय, गण्डकी प्रदेशमा बुद्धिराज गुरुङ काज सरुवा भएका छन् । सुदूर पश्चिम प्रदेश प्रहरी कार्यालयमा अशोक सिंह, मसाउद आलम खाँ उपत्यका प्रहरी कार्यालय रानीपोखरी, पोषराज पोखेल प्रहरी महानिरीक्षकको सचिवालय र भीमप्रसाद ढकाल कर्णाली पुगेका छन् ।

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नम्बरः**
**९८४५०२७०६४/९८५५०६८०३८**

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्जे काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

## 'एक विद्यालय, एक नर्स' कार्यक्रम तीव्र गतिमा विस्तार हुनुपर्छ

बागमती प्रदेश सरकारले ल्याएको 'एक विद्यालय एक नर्स' कार्यक्रम प्रभावकारी बन्दै गएको बताइएको छ । प्रदेश स्वास्थ्य मन्त्रालयले यो कार्यक्रम निकै प्रभावकारी भएको बताइरहँदा यसको विस्तारको दर भने अलि सुस्त पाइएको छ । कार्यक्रमअन्तर्गत् हालसम्म पाँचसय १९ जना नर्सहरुले प्रदेशको विभिन्न पालिकामातहत रहेर विद्यालयहरुमा नर्सिङ्ग सेवा दिइरहेका छन् । विद्यालय नर्स कार्यक्रम सुरु भएयता सरकारले सञ्चालन गरेका स्वास्थ्य सम्बन्धी अभियानहरु प्रभावकारी भएको मन्त्रालयले दाबी गरेको छ भने पालिका तहमा पनि यसको प्रभाव राम्रो भएको प्रतिक्रिया पाइएको छ ।

एउटा विद्यालयमा रहेर काम गर्ने नर्सले विद्यार्थीहरुलाई स्वास्थ्य शिक्षा सम्बन्धी अध्यापन गर्ने, विद्यार्थीहरुलाई लाग्ने ससाना चोटपटकहरुमा प्राथमिक उपचार गर्ने, विद्यार्थीहरुमा दैनिकरुपमा आउने स्वास्थ्य समस्याहरुको समाधानसहित उचित उपचार गर्ने, जटिल समस्या भए तत्काल अस्पताल पठाउने, विद्यार्थीहरुमा आउने शारीरिक तथा संवेगात्मक परिवर्तनबार जानकारी गराउने, सरकारले विद्यालयतहमा सञ्चालन गर्नुपर्ने स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी तरिकाले सञ्चालन गर्न पनि विद्यालय नर्स कार्यक्रम प्रभावकारी भएको पाइन्छ । तर, विद्यालय नर्स कार्यक्रम जति प्रभावकारी भएको प्रचारप्रसार भइरहेको छ, त्यति वृहतरुपमा विद्यालयहरुमा नर्स पठाइएको पाइएको छैन । बागमती प्रदेशका एकसय १९ स्थानीय तहमा जम्मा पाँचसय १९ जना नर्सले दिएको सेवा अझै कमि महसुस भएको छ । पहिलो परीक्षणको रुपमा बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले ल्याएको कार्यक्रम अब देशव्यापी लैजान जरुरी छ ।

प्रदेशमा रहेका पालिकाहरुमा एक पालिकामा चार देखि ६ जना नर्स राख्दा त स्वास्थ्यसम्बन्धी कार्यक्रमहरु प्रभावकारी हुन्छन् भने सबै विद्यालयमा एक/एक जना नर्स राख्न सकेको खण्डमा यो कार्यक्रम थप प्रभावकारी हुने पक्का छ । त्यसैले 'एक विद्यालय, एक नर्स' कार्यक्रमलाई तीव्ररुपमा देशव्यापी बनाउन जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ पुस ३० गते शनिबार १४ जनवरी २०२३ । सप्तमी माघ कृष्णपक्ष। पेहेलागा ११४३ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:२७।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रमाइलो यात्राको योग परेको छ | तुला | : शरीरमा केही आलश्य हुनेछ |
| वृष | : मन प्रसन्न रहनेछ | वृश्चिक | : सफलता मिल्न गाह्रो छ |
| मिथुन | : नचिताएको काम सम्पन्न हुनेछ | धनु | : यात्राबाट नोक्सान हुनेछ |
| कर्कट | : मिहिनेतको फल मिल्नेछ | मकर | : घाउचोट लाग्न सक्नेछ |
| सिंह | : स्वास्थ्यमा खराबी आउनेछ | कुम्भ | : जग्गा जमिनबाट लाभ हुनेछ |
| कन्या | : शुभ कामको संकेत मिल्नेछ | मीन | : सोचेभन्दा बढी खर्च हुनेछ |

# पोखरा अन्तर्राष्ट्रिय विमानस्थल : चिनियाँ 'ऋणको पासो' या भूराजनीतिक द्वन्द्व



✍ डा. श्याम उपाध्याय



हालै नवनियुक्त प्रधानमन्त्रीद्वारा चिनियाँ ऋणबाट बनेको पोखरा विमानस्थलको तेजोगतिका साथ उद्घाटन भयो। पर्यटन राजधानीको भूमिका दाबी गरिरहेको पोखरामा एक भव्य अन्तर्राष्ट्रिय विमानस्थल बन्नु हर्षकै कुरा थियो। तर विशेषज्ञहरूले यसको उपयोगिता र औचित्यमाथि प्रश्न गरे। जसले प्रश्न गरे तिनलाई पनि यस्तो विशाल परियोजनाबारे प्रश्न निर्माणपूर्व गर्नुपर्ने हो या सबै काम भइसकेपछि भनेर प्रतिप्रश्न गर्न नसकिने होइन।

तथापि देश विकासको अभिन्न अंग भएका ठूला आयोजनाहरूको छनोट र डिजाइन गर्दा, त्यसको वित्तीय स्रोतको पहिचान र व्यवस्थापन गर्दा सो आयोजना अन्तर्गत बनाउन लागिएको भौतिक संरचनाको सामाजिक उपयोगिता, आर्थिक नाफा-नोक्सान र वातावरणीय पक्षको समग्र मूल्यांकन हुनुपर्छ भनेर विशेषज्ञ र नागरिकहरूबाट दबाव बनाइराख्नु सराहनीय नै हुन्छ।अहिले तत्कालको चासो भने पोखरा विमानस्थल निर्माणको लागि लिइएको ऋण र त्यो तिर्न सक्ने हाम्रो क्षमता छ कि छैन भन्ने हो। सो ऋणको कुल रकम २२ अर्ब रुपैयाँ बापत नेपालले ब्याज मात्रै वार्षिक ३३ करोड रुपैयाँ चीनको एक्जिम बैंकलाई बुझाउनुपर्नेछ।

पोखरा विमानस्थलबाट हुनसक्ने आन्तरिक र अन्तर्राष्ट्रिय उडानको संभाव्यता हेर्दा विमानस्थल संचालनबाट प्राप्त हुनसक्ने प्रतिफल उक्त ऋणको ब्याज तिर्न पर्याप्त हुने देखिँदैन र यो ऋण तिर्न अर्को ऋण लिनुपर्ने अवस्था उत्पन्न हुनसक्छ। फलस्वरूप नेपाल पनि छिमेकी मुलुक बंगलादेश र श्रीलंका या टाढाका मुलुकहरू अंगोला, जाम्बिया र केन्या जस्तै चिनियाँ ऋणको पासोमा पर्ने हो कि भनेर नेपाली समाज चिन्तित भएको देखिन्छ।

अर्थशास्त्रमा 'ऋणको पासो' भन्नाले ऋणदाताको फाइदाको लागि सिर्जना गरिएको यस्तो अवस्थालाई मानिन्छ जहाँ ऋणी या आसामीको भूमिकामा रहेको व्यक्ति या व्यावसायिक कम्पनी उच्च ब्याजदरको कारणले या ऋणमा बनेको व्यवसायबाट अपेक्षित लाभ नहुनाले पुरानो ऋण तिर्नको लागि नयाँ ऋण लिन बाध्य हुँदै जान्छ र ऋण र ब्याजको चक्रव्यूहमा फसेर टाट पल्टने अवस्थामा पुग्छ।

कुनै नागरिक या व्यवसाय ऋणको पासोमा फस्यो भने उसले आफ्ना सहयोगी, वित्तीय संस्था या राज्यलाई हार-गुहार या ऋणको पुनर्संरचना गरेर पासोबाट उम्कन सक्छ। तर देश नै फसेको अवस्थामा उसका उपायहरू सीमित हुन्छन् र यही अवसरको दुरूपयोग गरेर ऋणदाता मुलुक ऋणी मुलुकको प्राकृतिक स्रोत र राजनीतिक निर्णयहरूमा नियन्त्रण विस्तार गर्दछ।

वर्तमान विश्वमा 'ऋणको पासो' धनी र न्यून आय भएका विकासशील मुलुकहरूबीचको आर्थिक सम्बन्धमा व्यापक प्रयोग हुँदै आएको छ। यो क्रम बढ्दै जाँदा ऋणदाता मुलुकहरूले राजनीतिक र आर्थिक प्रभाव बढाउँदै लैजान सक्छन् भने ऋणी देशका राजनीतिक तथा प्रशासनिक संरचनाहरू कमजोर हुँदै जान्छन् र आफ्नो सार्वभौमिकताको रक्षा गर्न पनि अक्षम हुन्छन्। यस्तो चक्रव्यूहमा परेको देशले ऋणबाट फाइदा त लिन सक्दैन नै, उसको आफ्नै स्रोतबाट हासिल गर्न सक्ने जति विकास पनि अवरुद्ध हुन्छ।विकासशील मुलुकहरूको आर्थिक समृद्धि हासिल गर्ने चाहना र त्यसको लागि आवश्यक वित्तीय स्रोत र प्रविधिको मागबीच ठूलो रिक्तता रहँदै आएको छ। यही रिक्तताले आर्थिक दृष्टिकोणले सम्पन्न मुलुकहरूको लागि वैदेशिक सहायतामार्फत आफ्नो भू-राजनीतिक प्रभावको बीउ छर्न उर्बरस्थल प्रदान गर्दछ।

दुई देशबीचको मित्रता सुमधुर राख्ने प्रयोजनको लागि परम्परादेखि कायम रहँदै आएको दौत्य सम्बन्धलाई पनि शक्तिराष्ट्रहरूले आर्थिक स्वार्थको लागि प्रयोग गर्न थालेका छन् र आलोचकहरू यसलाई 'ऋणको पासोको कूटनीति' भनेर परिभाषित गर्ने गरेका छन्। पछिल्लो समयमा भूराजनीतिक प्रभावका साधन मात्र होइन खेलाडीहरू पनि थपिएका छन् र तिनीहरूबीचको प्रतिस्पर्धा सघन र यदाकदा भद्दा हुँदै गएको पनि देखिएको छ। यसको हल्का छनक हाम्रो संसदमा एमसीसी सम्झौता अनुमोदन हुन लागेको समय पारेर पालैपालो भएका चीन र अमेरिकाका उच्चस्तरीय प्रतिनिधिहरूको नेपाल भ्रमणहरूले पनि दिइसकेका छन्।

अहिले पनि विमानस्थलको उद्घाटन हुनासाथ चिनियाँ पक्षले बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) को उल्लेख गर्नु र नेपालका एक पूर्वपरराष्ट्र मन्त्रीले बीआरआईमा नेपालले सहमति जनाउन बाँकी नै रहेको भनेर स्पष्टीकरण दिनाले एक आयोजनाको लागि दिइएको ऋणले कसरी दुई देशको कूटनीतिक सम्बन्धलाई असर गर्ने क्षमता राख्दो रहेछ भनेर देखाएको छ। यसैबीच पोखरा विमानस्थलको उद्घाटनको समाचारलाई दक्षिणी छिमेकीका सञ्चारमाध्यमले अतिरञ्जित ढंगले प्रचार गरि रहेको कुरालाई पनि नेपालले पूरै नजरअन्दाज गर्न सक्दैन।

भारतीय र केही पश्चिमी संचार माध्यममा प्रचार गरिए जस्तो विकासोन्मुख मुलुकहरूसँगको वित्तीय सम्बन्धमा ऋणको पासोको मुख्य स्रष्टा चाहिं चीन होइन। सन् १९७० का वर्षहरूमा अन्तर्राष्ट्रिय बजारमा तेलको चर्को मूल्यको फाइदा उठाएर आर्जन भएको बचत रकम थन्क्याउन अमेरिकी निजी कम्पनीहरूले सस्तो ब्याजदरमा विभिन्न ल्याटिन अमेरिकी देशहरूमा व्यापक कर्जा प्रवाह गरेका थिए।

ल्याटिन अमेरिकी मुलुकहरूले अमेरिकी निजी बैंकहरूबाट लिएको ऋण रकम सन् १९७० देखि १९७८ को अवधिमा ३० अर्बबाट बढेर १६० अर्ब र १९८२ सम्ममा त ३३० अर्ब डलर पुगेको थियो। अनियन्त्रित तवरले बाहिरिएको पूँजीको सुरक्षाको लागि सम्बन्धित देशका सैनिक कमाण्डलाई हात लिएर अमेरिकाले ऋणी मुलुकहरूमा आफ्नो अनुकूलको सरकार बनाउन थाल्यो।फलस्वरूप विभिन्न ल्याटिन अमेरिकी देशहरूमा सैनिक विद्रोहका शृंखलाहरू भए। अमेरिकी हस्तक्षेपद्वारा सन् १९७१ मा बोलिभियामा गरिएको सैनिक सत्तापलटबाट जननिर्वाचित वामपन्थी राष्ट्रपति हुवान टोरेस अपदस्थ भए। त्यसरी नै सन् १९७३ मा चिलीका जननिर्वाचित समाजवादी राष्ट्रपति डा. साल्भाडोर आएण्डे र सन् १९७६ मा अर्जेन्टिनाकी राष्ट्रपति इजाबेल्ला पेरोन सैनिक सत्तापलटबाट नै अपदस्थ भएका थिए। इजाबेल्ला पेरोन विश्वकी प्रथम महिला राष्ट्रपति थिइन्। पेरोन बाँच्न सफल भइन् तर टोरेस र आएण्डे दुवै राष्ट्रपतिको हत्या गरियो। यी रक्तपातपूर्ण घटनाहरू विकासशील देशलाई ऋणको पासोमा फसाउने क्रममा नै भएका थिए।

ल्याटिन अमेरिकी देशहरूको ऋण सन् १९८० र १९९० का वर्षहरूमा पश्चिमी प्रभावमा रहेका वित्तीय संस्थाहरू विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषसँगको समन्वयमा पुनर्संरचना गरियो। त्यस समयदेखि बितेको आधा शताब्दीको अन्तरालमा प्रायः सबै अमेरिका समर्थित तानाशाहहरू हटाएर अर्जेन्टिना, बोलिभिया र चिलीलगायत अन्य ल्याटिन अमेरिकी देशहरूले लोकतान्त्रिक सरकारको स्थापना गरिसकेका छन् तर उसबेला सुरु भएको ऋणको चक्रबाट उनीहरू अझै मुक्त हुनसकेका छैनन्। अन्तर्राष्ट्रिय मुद्रा कोषसँग सर्वाधिक ऋण भएको राष्ट्र अहिले पनि अर्जेन्टिना नै हो।

अन्तर्राष्ट्रिय कर्जा बजारमा चीन नव-आगन्तुक भए पनि उसको भूमिका छोटो समयमै उल्लेखनीय रूपमा बढ्यो। विश्व बैंकको पछिल्लो तथ्यांक अनुसार सन् २०१० देखि २०२० को अवधिमा न्यून-आय भएका देशहरूमा गरिएको चीनको ऋणप्रवाह वृद्धि दर अन्य द्विपक्षीय या बहुपक्षीय दाताभन्दा उच्च रह्यो। नव-आगन्तुक भएकै कारणले चीनको भूमिका कस्तो हुनेछ भन्नेतर्फ पश्चिमी जगतका परम्परागत ऋणदाता र विकासोन्मुख समूहका ऋणी देशहरू दुवैले कडा निगरानी र चासो राखे। पश्चिमी जगतले उसलाई एक उदीयमान र शक्तिशाली प्रतिस्पर्धीको रूपमा हेरेको छ। सन् १९९० का वर्षहरू चीनको औद्योगिक उत्पादनको लागि उच्चतम वृद्धिदरका थिए।

अमेरिका, युरोप र जापानका ठूला औद्योगिक कम्पनीहरूले सस्तो श्रमशक्ति र न्यून लागतबाट फाइदा लिन चीनमा भारी लगानी गरे र आफ्ना कारखानाहरू चीनका विभिन्न करमुक्त औद्योगिक क्षेत्रहरूमा स्थानान्तरण गरे। चीनलाई विश्वको कारखाना, भूमण्डलीय औद्योगिक शक्तिकेन्द्र जस्ता नाम दिइयो। ती कारखानाका अधिकांश उत्पादन लगानीकर्ता मुलुकतर्फ नै निर्यात हुने भएकाले विदेश व्यापारबाट चीनले ठूलो संचिति गर्न थाल्यो जसबाट उसको आफ्नै लगानी विस्तार गर्ने स्रोत, साधन र क्षमताको विकास भयो। यस शताब्दीको सुरुमा पश्चिमी जगतले विश्वबजारमा चीनको भूमिका पूँजी आयातकर्ताबाट निर्यातकर्तामा परिणत हुँदै गएको महसुस गर्न थाल्यो। दशकौँदेखि विश्व पूँजी बजारमा रहेको आफ्नो एकाधिकार तोडिएको र चीन जस्तो कडा प्रतिद्वन्द्वीको प्रवेश भएकोमा पश्चिमको प्रतिक्रिया नकारात्मक रह्यो।

विकासोन्मुख देशहरूले भने नयाँ लगानीकर्ताको रूपमा चीनको सावधानीपूर्वक स्वागत गरे। उनीहरूको मुख्य चासो ऋण तथा अनुदान जुनसुकै रूपमा आए पनि वैदेशिक सहायता कुनै राजनीतिक हस्तक्षेप विना विशुद्ध विकासका लक्ष्यहरूको दायरामा रहेर संचालन होस् भन्नेमा थियो। उनीहरूमा के चीन पुराना ऋणदाताहरूभन्दा भिन्न होला भन्ने कौतूहल जाग्यो। पहिलाका ऋणदाताका शर्तबाट दिक्दार भएका देशहरूमा चिनियाँ पूँजीको प्रवेश तीव्र गतिमा बढ्न थाल्यो। पश्चिमी राष्ट्रहरूले मानवअधिकार उल्लंघन र युद्ध अपराधको कारण सहायता बन्द गरेका जिम्बाबे, सुडान, मध्य अफ्रिकी गणतन्त्र जस्ता धेरै अफ्रिकी देशहरूमा पनि चिनियाँ लगानी बेरोकटोक प्रवाह भयो।

सन् २००० देखि नै नियमित रूपमा चीन-अफ्रिका शिखर सम्मेलन संचालन भयो। अफ्रिकामा चिनियाँ सक्रियता बढेको देखेर अमेरिकाले पनि सन् २०१४ मा राष्ट्रपति बाराक ओबामाको आयोजनामा पहिलो संयुक्त राज्य अमेरिका-अफ्रिका शिखर सम्मेलन सम्पन्न गऱ्यो जसमा जिम्बाबे, सुडान, मध्य-अफ्रिकी गणतन्त्र र इरिट्रियालाई बोलाइएन। यी देश चीनसँगको शिखर सम्मेलनमा भने सहभागी हुँदै आएका छन्। यी घटनाहरूले शक्तिराष्ट्रहरूको वैदेशिक सहायता कार्यक्रम राजनीतिबाट अलग हुन नसकेको स्पष्ट भयो।

भूमण्डलीय स्तरमा रहेको पश्चिमी जगत र चीनको होडबाजी बाहेक दक्षिण एसियामा भारत पनि उसका छिमेकी मुलुकहरू खासगरी नेपाल, बंगलादेश र श्रीलंकामा बढेको चिनियाँ लगानीबाट सशंकित हुन थाल्यो। पछिल्ला वर्षहरूमा त चीनको सानै परियोजनाले पनि दक्षिण एसियामा ठूलै खलबली मच्चाउन थालेको छ। समग्रमा विशुद्ध विकासका लक्ष्य प्राप्तिको लागि वैदेशिक सहायता प्राप्त गर्ने नेपाल र अन्य विकासोन्मुख राष्ट्रहरूको अभिलाषा चीनको प्रवेशबाट पनि पूरा नहुने र शक्ति राष्ट्रहरूको भूराजनीतिक द्वन्द्व झन् चर्किने खतरा देखिएको छ।

यी सबै कुराको बावजुद पनि चीनको कर्जा विस्तारलाई 'ऋणको पासो' को नाम दिइनु फगत भूराजनीतिक आवरणमा लगाइएको आरोप होइन भन्ने प्रमाण पनि छन्। विकासोन्मुख देशहरूमा सुरुसुरुमा ठूला पूर्वाधार आयोजनाको निर्माण गर्दा चीनले त्यस अन्तर्गत बन्ने संरचनाको सामाजिक उपयोगिता, संभावित प्रतिफल, सम्बन्धित देशको आर्थिक आकार, सापेक्ष ऋण तिर्न सक्ने क्षमता आदिको ख्यालै नगरी ठाडो राजनीतिक निर्णयलाई मात्र आधार मानेको देखिन्छ।

धेरै आयोजना ऋण लिने देशको मागकेन्द्रित भन्दा चीनको ठूलो लगानी गर्ने अभिप्रायद्वारा अर्थात् आपूर्ति निर्देशित जस्ता लाग्छन्। स्वयं बीआरआई पनि आपूर्ति निर्देशित कर्जा प्रवाहको साधन हो भन्नेमा कुनै अत्युक्ति हुनेछैन। चिनियाँ ऋणको पासोको उदाहरणमा अक्सर जाम्बियाको लुसाका अन्तर्राष्ट्रिय विमानस्थल, श्रीलंकाको हाम्बान्तोता अन्तर्राष्ट्रिय बन्दरगाह र केन्याको नैरोबी-मोम्बासा बन्दरगाह रेलमार्ग जस्ता ठूला पूर्वाधार आयोजना उल्लेखनीय छन्।

यी र अन्य कतिपय आयोजनाको लागि लिएको ऋण सम्बन्धित देशले फिर्ता गर्न नसक्ने भएर ती सबै संरचना चीनको नियन्त्रणमा जाने स्थिति पैदा भयो। सानो अर्थतन्त्रलाई ठूलो ऋणको भारी बोकाएकै कारण चीनको सहायतामा लाओसमा लेनसाङ बुलेट ट्रेन बनेर सकिंदा देशको ऋण रकम बढेर कुल गार्हस्थ्य उत्पादनको ८८ प्रतिशतसम्म उक्लियो।

सारांशमा चीन ऋण या अनुदानबाट विकासोन्मुख देशलाई मद्दत गर्न वित्तीय क्षमता राख्छ भन्ने कुरा प्रमाणित भइसकेको छ। तर जुनसुकै पनि लगानीमा केही न केही जोखिमको मात्रा अवश्य हुन्छ। चीनको ऋण सहायतामा बनेका आयोजनाहरूबाट अपेक्षित प्रतिफल आउन सकेन र सम्बन्धित देश ऋण तिर्न असफल भयो भने सो देशलाई टाटपल्टिनबाट जोगाउन पनि चीन समर्थ छ र उससँग त्यसको लागि आवश्यक संयन्त्र छ भन्ने प्रमाणित हुन भने बाँकी नै छ।

पोखरा विमानस्थललाई चिनियाँ 'ऋणको पासो' सँग जोडेर चर्चा हुन थालेपछि उद्घाटन समारोहमा नै ऋणलाई अनुदानमा बदल्नुपर्छ भन्ने माग गुञ्जियो। त्यस्तो माग आकर्षक देखिए पनि र अनुदानमा बदलिएमा नेपाललाई फाइदा नै हुने भए पनि त्यसो गर्नु समस्याको सही पहिचान र उचित समाधान होइन। यसका दुई कारण छन्। पहिलो, आयोजना फाइदाजनक हुन्छ कि हुँदैन भनेर योजना र डिजाइन तहमै संभाव्यता अध्ययन गरिन्छ। अहिले लुम्बिनी विमानस्थल जस्ता कतिपय आयोजनाको न्यून प्रतिफल देखेर ती कसरी संभाव्य ठानिए, कि तिनको संभाव्यता अध्ययनको निष्कर्ष नै त्रुटिपूर्ण थियो भन्ने प्रश्न उठेको छ।

कतिपय आयोजना तयार गर्दा मुलुकको भन्दा ठेकेदार (स्वदेशी या विदेशी) को हित माथि परेको आशंका पनि गरिएको छ। त्यसैले आयोजनाको वित्तीय स्रोतमा प्रश्न गर्नुभन्दा त्यसको डिजाइन, व्यवस्थापन र कार्यान्वयनमा सुधार ल्याउनुपर्छ। त्रुटिपूर्ण आयोजनाको लागि रकम लिएर दाताले ऋणमा फसायो भन्नु आफ्नै दोष हुनेछ।

दोस्रो, मित्रराष्ट्रहरूले अनुदानमा बनाइदिएका संरचनाको नेपालले स्वामित्व ग्रहण गर्न नसकेको र 'सित्तैंमा पाएको' भनेर लापरबाही गरेका कटुतथ्यबारे हामी पूरापूर अवगत छौं। जनकपुर चुरोट कारखानाले कुनै बेला कर र अन्तशुल्क मार्फत सम्पूर्ण राजस्वको झण्डै एक चौथाइ रकम बुझाउँथ्यो। ट्रलीबस र भृकुटी कागज कारखाना कहाँ हराए? सित्तैंमा केही आउँदैन भन्ने चेतना विकासको लागि पनि हामीले सधैं अनुदान खोज्ने मानसिकताबाट मुक्त हुनुपर्छ र न्यूनतम लागतबाट अधिकतम प्रतिफल प्राप्त गर्नेतर्फ उन्मुख हुनुपर्छ।

विकासका आकांक्षाहरू पूरा गर्न हामीलाई बाह्य सहयोग अत्यावश्यक छ। त्यसै पनि आजको भूमण्डलीकरण र आर्थिक उदार वादको युगमा पूँजी, श्रम, वस्तु तथा सेवा र ज्ञान तथा प्रविधि कुनै देशको राष्ट्रिय सिमानाभित्र थुनेर राख्न सकिँदैन। जसले त्यस्तो प्रयास गरे ती आफैं संकटग्रस्त भएका छन्। आर्थिक सहयोग भनेको छिमेकी तथा अन्य मित्रराष्ट्रको सदासयता र विश्वासको आधारमा पाइन्छ भन्ने विश्वास पनि पुरानो भइसकेको छ र वर्तमान विश्वको भूराजनीतिक होडबाजीले त्यस्ता सदासयता र विश्वासलाई छियाछिया पारिसकेको छ। भूराजनीतिक द्वन्द्वका कतिपय सवाल हाम्रो नियन्त्रणमा छैनन्। 'ऋणको पासो' बुझ्न सक्ने र सशक्त प्रतिवाद गर्ने क्षमता भएको कूटनीति पनि हाम्रो छैन।

यस्तो अवस्थामा शक्ति राष्ट्रहरूको होडबाजीबाट अलग रहेर राष्ट्रिय हितको सम्वर्धन गर्न सकिने एउटै उपाय भनेको बलियो प्राविधिक आधार भएको, राष्ट्रिय हितलाई प्राथमिकता दिएको र लगानी अनुसारको प्रतिफल दिन सक्ने आयोजनामा मात्र विदेशी सहायता स्वीकार्ने आन्तरिक पद्धतिको विकास हो।

देशलाई फाइदा नहुने आयोजना भए ऋण होस् या अनुदान हामीले 'हुन्न' भन्ने आँट गर्न सक्नुपर्छ र प्राविधिकहरूले 'हुन्न' भनेको आयोजनालाई ठेकेदार र राजनीतिक वृत्तको दबावमा परेर स्वीकार गर्ने परिपाटीलाई सदाको लागि निषेध गर्नुपर्छ।राजनीतिक नेतृत्वले पनि आफ्नो पालामा ठूला आयोजनामा हस्ताक्षर गर्न उद्यत हुने र शिलान्यास, उद्घाटन जस्ता कार्यक्रम गरेर त्यसलाई प्रचार सामग्रीको रूपमा प्रयोग गर्ने चलन रोक्नुपर्छ।

*साभार: अनलाइनखबर*

# राष्ट्रपति र सभामुखको चुनावमा हुनेछ प्रचण्डको परीक्षा

काठमाडौं/नेपाली कांग्रेसले सभामुख र उपसभामुखको निर्वाचनबारे प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग सम्वाद गर्ने निर्णय गरेको छ । आफ्नै निवास, धुम्बाराहीमा बिहीबार बोलाइएको पदाधिकारी बैठकमा सभापति शेरबहादुर देउवाले प्रचण्डसँग सम्वाद गर्ने प्रस्ताव ल्याएका हुन् ।



'प्रधानमन्त्रीलाई विश्वासको मत दिएपछि नयाँ आधार बन्छ भनिएको थियो, 'अब कसरी अगाडि बढ्ने भनेर प्रचण्डसँग छलफल गर्ने उहाँहरुको प्रस्ताव रह्यो,' एक पदाधिकारी भन्छन्, 'यस्तो प्रस्तावमा कसैको पनि बिमति रहेन ।' प्रधानमन्त्री प्रचण्डसँग सम्वाद गर्नुपर्ने सभापति देउवाको प्रस्तावलाई वरिष्ठ नेता रामचन्द्र पौडेलले थप जोड दिए ।

अरु पदाधिकारीको पनि बिमति नरहेपछि बैठकले प्रचण्डसँग सम्वाद गर्ने जिम्मा सभापति देउवालाई दिएको छ ।

सभापति देउवाकै जोडबलमा २६ पुसमा कांग्रेसले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएको थियो । पार्टीका दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मासहित नेताहरूले फरक मत राखेपनि सभापति देउवाले विश्वासको मत दिने निर्णय गरेका थिए ।

जबकी पछिल्लो १७/१८ महिना कांग्रेस नेतृत्वको गठबन्धनमा रही स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभाको चुनाव मिलेर लडेका प्रचण्ड १० पुसमा कांग्रेस गठबन्धन छाडेर एमालेको समर्थनमा प्रधानमन्त्री भएका छन् । एमालेको समर्थनमा १६९ सांसदको समर्थन पाएर प्रचण्ड प्रधानमन्त्री नियुक्त भएपछि कांग्रेस स्वत: प्रमुख प्रतिपक्षी दल बन्न पुगेको थियो ।

तर गठबन्धन बदल्दै प्रचण्ड प्रधानमन्त्री भएपछि स्तब्ध बनेको कांग्रेसभित्र फेरि सम्बन्ध सुधारको प्रयत्न भयो । विशेषगरी कांग्रेस उपसभापति पूर्णबहादुर खड्कासहित नेताहरुले माओवादी केन्द्रसँगको सम्वादमा दौपधुप बढाए । कांग्रेसका यी नेताहरुको गृहकार्यलाई माओवादी केन्द्रबाट जनार्दन शर्माहरुको साथ मिल्यो ।

नभन्दै, २५ पुसमा प्रधानमन्त्री प्रचण्ड आफैं देउवा निवास धुम्बाराही पुगे । भोलिपल्टै देउवाले पनि पार्टी कार्यसम्पादन समिति र संसदीय दलबाट विश्वासको मत दिने निर्णय गराए । त्यही विश्वासको मतलाई आधार बनाएर कांग्रेसले सभामुख र उपसभामुखको निर्वाचनबारे सम्वाद गर्ने निर्णय गरेको हो ।

पार्टीको औपचारिक फोरमबाटै निर्णय भएकाले देउवाले अब प्रचण्डसँग सम्वादको प्रस्ताव अगाडि बढाउनेछन् । किनकि ५ माघमा सभामुख र ७ माघमा उपसभामुखको निर्वाचन निश्चित भइसकेको छ ।

अझ डा. शेखर कोइरालाको अभिव्यक्ति मान्ने हो भने सभामुखको चुनावले देउवा र प्रचण्डबीचको सम्वाद सकिने छैन । 'म सभामुख, उपसभामुखको कुरा गरिरहेको छैन, अरु निर्वाचनहरु पनि बाँकी छन् । ती निर्वाचनमा हामीहरु उम्मेदवारी दिन्छौं' विराटनगर पुगेका कोइरालाले बिहीबार भनेका छन्, 'राष्ट्रपतिको निर्वाचन, उपराष्ट्रपतिको निर्वाचनमा प्रदेशका सांसदले पनि भोट हाल्नु हुन्छ, यो सबैलाई विचार गरेर हामीले भोट (विश्वासको मत) हालेका हौं ।'

अर्थात् कांग्रेसले विश्वासको मतको बदला राष्ट्रपति र सभामुखमा बार्गेनिङ गर्ने प्रष्ट संकेत दिनुले संसदको असाधारण विश्वास पाएका प्रधानमन्त्री प्रचण्ड अर्को संकटमा पर्ने देखिएको छ । बुधबार गोरखा पुगेर प्रचण्डले भनेजस्तो विश्वासको मतले ढुक्क हुने स्थिति देखिदैन ।

**परीक्षामा प्रचण्ड**

नेमकिपा र राष्ट्रिय जनमोर्चाका दुई जनाबाहेक प्रतिनिधिसभाका सबै दल र स्वतन्त्र सांसदबाट पाएका प्रधानमन्त्री प्रचण्डले सर्वदलीय बैठक बोलाउने विश्वास कांग्रेस नेताहरुलाई दिएको स्रोत बताउँछ । तर त्यस विपरीत प्रधानमन्त्री प्रचण्ड लगातार एमाले अध्यक्ष केपी शर्मा ओलीसँग सम्वादमा छन् ।

विश्वासको मत पाएको भोलिपल्टै प्रचण्ड ओली निवास बालकोट पुगेका थिए । बिहीबार साँझसम्मै ओलीसँग सम्वादमा रहे । ओलीसँग सम्वादमै रहँदा पूर्वनिर्धारित सत्ता साझेदार दलहरुको बैठक अवरुद्ध भयो भने मन्त्रिपरिषदको बैठक बस्न सकेन । यही बेला सभामुख र उपसभामुखबारे सम्वाद गर्ने कांग्रेस निर्णय सार्वजनिक भएको छ ।

जबकी राष्ट्रपति, उप राष्ट्रपति, सभामुख र उपसभामुख सहित सातै प्रदेशको सरकारबारे एमालेसहित सत्ता साझेदार दलहरुबीच सहमति जुटिसकेको छ । पाँचै वर्ष राष्ट्रपतिमा एमाले र उपराष्ट्रपतिमा माओवादी केन्द्र रहने १० पुसमा प्रचण्ड प्रधानमन्त्री बनिरहँदा नै सहमति भइसकेको छ ।

एमाले र माओवादी केन्द्रबीच प्रधानमन्त्री र सभामुख आधा-आधा कार्यकाल आलोपालो गर्ने सहमति छ । तर त्यो सहमतिमा आशंका हुनेगरी कांग्रेसले निर्णय गरेको छ । सभापति देउवाले प्रचण्डलाई विश्वासको मत दिनुपर्ने निर्णय गरिरहँदा नै राष्ट्रपति पाउनसक्ने संभावना सुनाएका थिए ।

कांग्रेस केन्द्रीय सदस्य सञ्जय गौतम सभामुख भन्दा पनि कांग्रेसको चाहना राष्ट्रपतिमा रहेको बताउँछन् । 'राष्ट्रपति सरकार होइन, त्यो अलग चिज हो । त्यसमा हामीले रुची राख्ने कुरा जायज छ', उनी भन्छन् ।

तर एमालेले संवैधानिक पदाधिकारी मात्रै नभएर सत्ता साझेदारहरुको अरु प्रकारको सम्झौता गर्न तयार नहुने संकेत दिइसकेको छ । २६ पुसमा ओलीले रोष्ट्रमबाटै कांग्रेसले दिएको विश्वासको मतको बदला कुनैपनि कुरा नपाउने अडान लिएका थिए ।

'केही यसभित्र भोलिका निम्ति अरु खालका कुरा सोचिएको छ भने ढोक्सा रित्तै हुनेछ । किनभने त्यस खोल्सीबाट ढोक्सा थापेतिर कुनै माछा बग्नेवाला छैन', ओलीले भनेका थिए ।

स्रोतका अनुसार, ओली र प्रचण्डले सत्ता साझेदार दलहरुसँग समन्वयमा मन्त्रालय संख्या नै लगभग टुंग्याइसकेका छन् । एक नेताका अनुसार एमालेले ९, माओवादी केन्द्रले ५, रास्वपाले ४, राप्रपाले ३, जसपा र जनमत पार्टी २/२ मन्त्रालय दिने सहमति जस्तै भएको छ ।

सत्ता साझेदारहरुसँग यो तहको सहमति भइसक्दा प्रधानमन्त्री प्रचण्डले विश्वासको मतको बदला कांग्रेसको प्रस्तावमा छलफल गर्न सजिलो छैन । त्यसो हुँदा अहिलेकै गठबन्धन जोगाउने वा कांग्रेसको प्रस्ताव सुन्ने भन्ने अप्ठ्यारो प्रचण्डले सभामुख र राष्ट्रपतिको चुनावसम्म प्रष्ट पार्नुपर्नेछ ।

किनकि संसदको अंक गणितले अहिलेको सत्ता साझेदार दलहरु एकठाउँ उभिएसम्म कांग्रेसले सभामुख वा राष्ट्रपतिको चुनाव जित्न सक्दैन । सरकारमा सहभागी एमाले (७९), माओवादी केन्द्र (३२), राष्ट्रिय स्वतन्त्र पार्टी (२०), राष्ट्रिय प्रजातन्त्र पार्टी (१४), जनता समाजवादी पार्टी (१२, जनमत पार्टी (६) र नागरिक उन्मुक्ति (४) को सांसद संख्या नै सभामुखका निम्ति पनि प्रष्ट बहुमत हो । त्यसमा स्वतन्त्र जितेका प्रभु साह र अमरेशकुमार सिंह सत्तापक्षमै छन् ।

राष्ट्रपतिको चुनावमा पनि सत्ता गठबन्धनकै अंकभार बहुमत छ । प्रतिनिधिसभा सदस्य, राष्ट्रिय सभा सदस्य र प्रदेशसभा सदस्य मतदाता रहने राष्ट्रपतिको चुनावमा ५० प्रतिशत मत आवश्यक पर्छ । जनसंख्या अनुसार, मतभार तय हुने व्यवस्था अनुसार, ०७४ मा संघीय सांसदको मतभार ७९ र प्रदेशसभा सदस्यको मतभार ४८ थियो । २०७८ को जनसंख्या अनुसार मतभार बढेर संघीय सांसदको ८७ र प्रदेश सांसदको ५३ पुगेको छ ।

त्यसो हुँदा एमालेसँग १६ हजार ८५१, माओवादीसँग ८ हजार ५२२, राप्रपासँग २ हजार ४३७, जसपासँग २ हजार ३१२, रास्वपासँग १ हजार ७४० र जनमतसँग १ हजार ३७० मतभार छ । कुल मतभार ५८ हजार २०८ भएकाले सत्तारुढको यो मत यो आफैमा राष्ट्रपति चुनिन आवश्यक ५० प्रतिशत भन्दा बढी हो ।

*(स्रोत: अनलाइखबर)*

# पीडितलाई प्रभावमा पार्नसक्ने सम्भावना सकिएको भन्दै सन्दीपलाई ससर्त धरौटी

काठमाडौं/उच्च अदालत, पाटनले बलात्कार आरोपी क्रिकेटर सन्दीप लामिछानेलाई २० लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको छ ।



न्यायाधीश ध्रुवराज नन्द र रमेश ढकालको इजलासले पुर्पक्षका लागि थुनामा पठाउने जिल्ला अदालत, काठमाडौंको आदेश बदर गर्दै धरौटीमा छाड्न आदेश दिएको हो ।

तर, लामिछानेलाई धरौटीमा छाड्न अदालतले ५ वटा सर्त राखेको छ । ती सर्त उलंघन भएको अवस्थामा पुर्पक्षका क्रममा धरौटी माग गर्ने आदेश स्वत: निष्कृय हुने भनिएको छ ।

लामिछानेविरुद्धको मुद्दा जिल्ला अदालत काठमाडौंमा विचाराधीन छ ।

अदालतले न्यायिक कार बाहीलाई शीघ्र टुंगोमा पुर्‍याउने जिकिरसहित 'न्याय प्रशासन सम्बन्धी अन्तरनिहीत अधिकार' प्रयोग गर्दै सर्तहरु राखिएको बताएको छ ।

आदेशमा सन्दीपलाई विदेश जान रोक लगाउने गरी राहदानी रोक्का राख्न भनिएको छ भने पीडित र मुद्दाबारे कुनै सामग्री प्रकाशन गर्न वा विद्युतीय, सार्वजनिक सञ्चारमाध्यम र सामाजिक सञ्जालमा कुनै टिकाटिप्पणी गर्न रोक लगाएको छ ।

उच्च अदालतले लामिछानेलाई पीडितको परिवारसँग भौतिक वा अन्य कुनै प्रकारले सम्पर्क वा भेटघाट गर्न बन्देज लगाएको छ ।

आदेशमा भनिएको छ, 'पीडितको परिवारको सदस्यलाई कुनै पनि माध्यमबाट कुनै पनि किसिमको डर, त्रास, धम्की वा दबाब दिने, प्रभाव पार्ने वा दुरुत्साहन दिने वा सोसम्बन्धी कुनै कार्य नगर्नु, नगराउनु भनी प्रतिवादीलाई निषेधात्मक आदेश दिइएको छ ।'

अदालतले लामिछानेलाई उपत्यका छाड्न पनि रोक लगाएको छ । उपत्यका छाड्नुपर्ने भए जिल्ला प्रहरी परिसर, काठमाडौंलाई लिखित जानकारी दिनुपर्ने भनिएको छ । सर्तहरुको प्रभावकारिताका लागि लामिछानेको गतिविधिमाथि निगरानी राख्न प्रहरीलाई निर्देशन दिइएको छ ।

'उनको मोबाइल, टेलिफोन नम्बरमा सेवा प्रदायक संस्थामार्फत पहुँच राखी सोसँग सम्बन्धित सामग्री वा विवरणको सञ्चार अभिलेख गर्नको लागि प्रहरी प्रधान कार्यालयले सुरक्षित र उपयुक्त व्यवस्था मिलाउन सक्नेछ', आदेशमा भनिएको छ, 'त्यसरी पहुँच राखिएका र अभिलेख गरिएका सामग्री वा विवरणको गोप्यता भंग नहुने व्यवस्था मिलाउनुपर्नेछ ।'

जिल्ला अदालतले मागेको अवस्थामा त्यस्ता सामग्री वा विवरण उपलब्ध गराउन भनिएको छ । यसको जानकारी प्रहरी प्रधान कार्यालय, नक्सालमा दिन पनि भनिएको छ ।

**धरौटीमा छाड्ने आधार - पीडितलाई प्रभाव पार्ने सम्भावना छैन**

राष्ट्रिय क्रिकेट टोलीका तत्कालीन कप्तान लामिछानेले जबरजस्ती करणी गरेको भन्दै २१ भदौमा प्रहरी वृत्त, गौशालामा किटानी जाहेरी परेको थियो । क्यारेबियन प्रिमियर लिग (सीपीएल) खल्न जमैका रहेका लामिछानेले त्यसबेला कानूनको सम्मान गर्ने भन्दै स्वदेश फर्किने बताएका थिए ।

तर, एक महिनासम्म सम्पर्कविहीन रहेका उनी अन्तर्राष्ट्रिय अपराध प्रहरी संगठन (इन्टरपोल) ले अमेरिकाको फ्लोरिडामा लोकेट गरेपछि आत्मसमर्पण गर्न भन्दै नेपाल आएका थिए ।

विमानस्थलमै पक्राउ परेका उनलाई जिल्ला अदालत, काठमाडौंले १८ कात्तिकमा पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको थियो । त्यसविरुद्ध उच्च अदालत, पाटन गएका सन्दीपलाई धरौटीमा छाड्ने आदेश भएको उनका वकिल सरोजकृष्ण घिमिरे बताउँछन् । अदालतले धरौटीमा छाड्ने आदेश दिँदा मुलत: पीडितलाई प्रभावमा पार्न सक्ने सम्भावना नरहेको उल्लेख गरेको छ ।

जिल्ला अदालत, काठमाडौंमा विचाराधीन मुद्दामा पीडितको बकपत्र भइसकेको जिकिर सहित कतिपय प्रमाणहरु समेत बुझिसकिएको अवस्था रहेको अदालतले भनेको छ । त्यसैले लामिछानेले प्रतिकुल बकपत्रका लागि दबाब दिने वा प्रभाव पार्न सक्ने सम्भावना वा आशंकाको प्रसंग असान्दर्भिक भइसकेको अदालतले भनेको छ ।

अदालतले कस्तो अवस्थामा धरौट वा जमानत दिन मिल्दैन भन्ने विषयमा १६ वटा अवस्था प्रस्तुत गर्दै अदालतले लामिछानेलाई पुर्पक्षका लागि राखिराख्न सन्दीपको हकमा ती कुनै अवस्था रहेको भन्ने विषयमा इजलास आश्वस्त नभएको भनेको छ । आदेशमा लामिछाने 'मानसिकरुपमा तनावको अवस्थाबाट गुज्रिरहेको' प्रसंगलाई पनि ध्यानमा राखिएको भनिएको छ ।

'फौजदारी न्यायशास्त्रको मान्यता अनुसार पनि प्रतिवादीलाई थुनामा नराखी मुद्दाको पुर्पक्ष गर्न दिनु उपयुक्त हुने अवस्था देखिएकोमा थुनाको विकल्प प्रयोग गर्नमा अदालत उदार हुनुपर्नेछ', आदेशमा भनिएको छ, '..त्यसैले प्रस्तुत घटना र घटना पश्चातको श्रृंखलाजन्य परिस्थिति समेतलाई विचार गर्दा यी प्रतिवादीलाई मुद्दाको पुर्पक्षका लागि थुनामा राखिरहनु उपयुक्त नदेखिएकोले त्यहाँ अदालतबाट भएको आदेशलाई बदर गरिएको छ ।'

पीडितले प्रहरीमा दिएको जाहेरी अनुसार काठमाडौंको एक कलेजमा 'प्लस टु' अध्ययनरत पीडित युवती लामिछानेकी 'फ्यान' थिइन् । उनीहरुबीच सामाजिक सञ्जाल स्न्यापच्याट र ह्वाट्स एपमार्फत कुराकानी हुने गरेको थियो ।

सामाजिक सञ्जाल मार्फत लामिछानेले उनीसँग भेट्ने प्रस्ताव राखेको पीडितको भनाइ थियो । लामिछाने त्यसबेला टी-२० सिरिज खेल्न केन्या जाने तयारीमा थिए ।

अघिल्लो दिन ५ भदौमा नयाँ बानेश्वरस्थित होस्टलबाट लिएर भक्तपुर दरबार स्क्वायरबाट नगरकोटसम्म लगेको पीडितको बयान छ । नियतवश नगरकोटमा धेरैबेर अल्मल्याएर अबेर मात्र काठमाडौं फर्काएको उनको भनाइ थियो ।

पिंगलास्थानस्थित होटल काठमाडौं इनमा आइपुग्दा राति ११:५५ भइसकेको थियो । पीडितको भनाइमा उनले दुईवटा कोठा बुक गर्न भनेकी थिइन् । तर लामिछानेले एउटा मात्र कोठा खाली भएको भन्दै कोठा नम्बर ३०५ मा दुवैजना बस्नुपर्ने बताएका थिए । त्यहीं राति आफूमाथि दुई पटक जबरजस्ती करणी भएको पीडितको भनाइ छ ।

अदालतले पनि तत्काल प्राप्त प्रमाणहरुबाट लामिछाने र पीडित होटलको एकैकोठामा रातभर सँगै रहेको भनेको छ । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनले देखाएको स्थिति, बकपत्र समेत भइसकोके अवस्थामा तत्काल प्राप्त र पछि प्राप्त हुने प्रमाणको मूल्यांक गर्दा मुद्दाको फैसाला हुँदा ठहरिएअनुसार हुने गरी अहिले धरौटी माग गर्न उपयुक्त हुने उच्च अदालतको आदेश छ ।

तर, धरौटी रकम वापत जग्गा वा अरु सम्पत्ति राख्न अदालतले अनुमति दिएको छैन । लामिछानेका वकिल सरोजकृष्ण घिमिरे भन्छन्, 'नगद वा बैंक जमानत राख्नुपर्ने भएकाले शुक्रबार कार्यालय खुल्ने वित्तिकै जम्मा गर्नेछौं ।'

धरौटी जम्मा गराएर जिल्ला अदालत, काठमाडौं हुँदै आदेश सहितको पत्र आएपछि लामिछानेलाई शुक्रबार छाडिने डिल्लीबजार कारागारका जेलर लक्ष्मीप्रसाद बाँस्कोटा बताउँछन् ।

*(अनलाइनखबरबाट)*

# चितवनमा साम्राज्ञी शाह स्टारर 'तिम्रो मेरो साथ'को प्रिमियर

काठमाडौं/साम्राज्ञी शाह स्टारर फिल्म 'तिम्रो मेरो साथ'को रेडकार्पेट प्रिमियर चितवनमा गरिएको छ । सिनेप्लेक्स हलमा आयोजित प्रिमियरमा साम्राज्ञीसहित अभिनेता पुष्प खड्का आकर्षणको केन्द्र बने । निम्तालु दर्शकको खचाखच उपस्थिति रहेको प्रिमियर समारोहमा साम्राज्ञी स्टाइलिस पहिरनमा उपस्थित थिइन् भने पुष्प रातो कोटमा ह्याण्डसम देखिए ।अभिनेता सन्दीप क्षेत्री र निर्देशक तथा निर्माता रमेश एमके पौडेल प्रिमियरमा सहभागी थिए ।



प्रिमियरअघि 'तिम्रो मेरो साथ' टिमले नारायणगढमा आयोजित चितवन महोत्सवमा समेत भाग लिएको थियो । फिल्मले प्रिमियरमा सकारात्मक प्रतिक्रिया गरेको निर्देशक पौडेलले जानकारी दिए । टिकट किनेरै प्रिमियरमा फिल्म हेर्न पुगेका स्थानीय संघसंस्थाका प्रतिनिधिले फिल्मलाई प्रशंसा गरेको उनले जनाए । प्रिमियरमा युवादेखि वृद्ध दर्शकसमेत सहभागी थिए ।

शुक्रबारदेखि देशव्यापी रिलिज हुन लागेको फिल्मको अग्रिम बुकिङ खुलेको छ । क्यूएफएक्सले यो फिल्मलाई १४ शो दिएको छ । भोलि नै नेपाली फिल्म 'गुञ्जन' र दुई दक्षिण भारतीय फिल्महरु 'बारिसु' र 'वाल्टेयर वीराया' पनि रिलिज हुँदैछ ।

# अख्तियारकै आयुक्त भ्रष्टाचार मुद्दामा दोषी ठहर

काठमाडौं/७८ लाख रुपैयाँ घुस लेनदेनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वआयुक्त राजनारायण पाठक र नेपाल इन्जिनियरिङ कलेजका तत्कालिन अध्यक्ष लम्बोदर न्यौपानेलाई विशेष अदालतले दोषी ठहर गरेको छ ।

विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल, सदस्यहरु यमुना भट्टराई र बलभद्र बास्तोलाको इजलासले पाठकलाई ३ वर्ष ३ महिना कैद र ३९ लाख जरिवाना तथा न्यौपानेलाई ३ वर्ष कैद र ३९ लाख रुपैयाँ जरिवानाको फैसला गरेको हो । पाठक सरकारी ओहोदामा रहेर भ्रष्ट्राचार गरेका कारण उनलाई थप ३ महिना कैद सजाय ठहर भएको विशेष अदालतका प्रवक्ता दीपेन्द्रनाथ योगीले जानकारी दिए ।

नेपाल इन्जिनियरिङ कलेजविरुद्ध अख्तियारमा परेको उजुरीमाथि छानबिन रोक्न न्यौपानेबाट पाठकले ७८ लाख रुपैयाँ घुस लिएको भन्दै अख्तियारले १२ चैत २०७५ मा पाठक र न्यौपाने दुबै विरुद्ध भ्रष्ट्राचार मुद्दा दायर गरेको थियो ।

पाठकले ७८ लाख रुपैयाँ घुस लिएको स्वीकार गरेको भिडियो प्रमाणका रुपमा अख्तियारले पेश गरेको थियो । तर विशेष अदालतले घुस लेनदेनमा नभई घुस लेनदेनको प्रयास मात्र भएको ठहर गरेको हो ।

'आरोपितहरुबाट घुस बापतको रकम बरामद भएको थिएन, तर घुस खाने प्रपञ्चका लागि सारा काम सम्पन्न गरेको देखिएको ठहर भएको छ' रायकिताब उधृत गर्दै स्रोतले भन्यो, 'त्यही आधारमा घुस खाएको भनिएको ७८ लाख रुपैयाँको आधा अर्थात ३९ लाख रुपैयाँ जरिवाना हुने ठहर भएको हो ।'

भ्रष्ट्राचार निवारण ऐन २०५९ को दफा ३ को (ज) मा ५० लाखदेखि १ करोड रुपैयाँसम्म घुस लेनदेन गरेमा ६ देखि ८ वर्षसम्म कैद सजाय हुने व्यवस्था छ । ऐनकै दफा २१ अनुसार घुस लेनदेनको उद्योग गर्नेलाई तोकिएको सजायको आधा सजाय हुने व्यवस्था छ ।

बिहीबारको फैसलाबाट अख्तियारका पदाधिकारीहरु असन्तुष्ट छन् । घुस लेनदेनको आरोपमा दोषी ठहर हुनुपर्नेमा घुस खाने उद्योगमात्रै गरेको व्याख्या गरेर कम सजाय गरेको अख्तियारका एक पदाधिकारीले बताए । फैसलाको पूर्णपाठ आएपछि सर्वोच्च अदालतमा पुनरावेदनमा जाने उनको भनाइ छ ।

**के थियो घटना ?**

नेपाल इञ्जिनियरिङ कलेजमा भएको अनियमितताबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो । तर उक्त उजुरीमा छानबिन अघि नबढाउन भन्दै कलेजका अध्यक्ष न्यौपानेले एक इञ्जिनियरमार्फत तत्कालिन आयुक्त पाठकलाई पटक पटक गरी ७८ लाख रुपैयाँ बुझाएका थिए ।

रकम लिएको स्वीकारोक्ति सहितको भिडियो सार्वजनिक भएपछि पाठकले आयुक्तबाट राजीनामा दिएका थिए । उनले राजीनामा दिएपछि उक्त घटनामा अनुसन्धान गरेर अख्तियारले पाठक र न्यौपानेविरुद्ध मुद्दा चलाएको हो ।

नेपालका संवैधानिक पदाधिकारीविरुद्ध भ्रष्टाचारको मुद्दा चलेर प्रारम्भिक अदालतबाट दोषी ठहर भएको यो सम्भवत: पहिलो घटना हो । पाठकविरुद्धको भ्रष्टाचारको मुद्दा अख्तियारका तत्कालिन प्रमुख नविनकुमार घिमिरेले प्राथमिकता दिई अघि बढाएका थिए ।

**सम्पत्ति विवादको उत्कर्ष**

नेपालमा नमुना इञ्जिनियरिङ कलेज बनाउने भनी इञ्जिनियरहरुको एक समूहले गैरनाफामूलक संस्था खोली भक्तपुरको चाँगुनारायणमा नेपाल इञ्जिनियरिङ कलेज स्थापना गरेका थिए ।

पछि केही सञ्चालकहरूले त्यसलाई निजीकरण गर्ने प्रयास गरे, केही त्यसको विरोधमा लागे । निजीकरणको पक्षमा लम्बोदर न्यौपाने थिए भने दीपक भट्टराई लगायत त्यसको विरोधमा थिए ।

नेपाल इञ्जिनियरिङ कलेजमा त्यतिबेला करिव १० करोड रुपैयाँभन्दा बढी मौज्दात थियो । पछि सञ्चालक समितिले संस्था निजीकरण गर्ने र १० करोड रुपैयाँ रकम बाँड्ने निर्णय गर्‍यो । जस अनुसार ७ जना सञ्चालकको भागमा डेढ डेढ करोड रुपैयाँ पर्‍यो ।

उक्त निर्णयविरुद्ध दीपक भट्टराई पक्षले जिल्ला प्रशासन कार्यालय भक्तपुर, संसदीय समिति र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी गरेको थियो ।

अनुसन्धान प्रभावित पार्न कलेजका अध्यक्ष न्यौपानेले अख्तियारका पदाधिकारीलाई प्रभावित पार्ने प्रयास थालेका थिए । छानबिन तामेलीमा राख्ने प्रलोभन देखाएर एउटा समूहसँग आयुक्त पाठकले घुस मागे । अख्तियारको अनुसन्धान अनुसार, एक करोड ६५ लाख रुपैयाँमा भएको मोलमोलाई किस्ताबन्दीमा टुंगियो ।

अख्तियारले साक्षीको रुपमा प्रस्तुत गरेका घुस रकम ओसारपसार गर्ने एक व्यक्तिका अनुसार, किस्ताबन्दीमा रकम दिने र फाइल तामेलीमा गएपछि सबै रकम उपलब्ध गराउने सहमति बनेको थियो ।

*(स्रोत: अनलाइखबर)*


**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



"तपाईं, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।
www.sajhakuranews.com

# शहिद रुद्र पाखिनको सम्झनामा सडक नामाकरण

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/ मकवानपुरका पूर्व माओवादी नेता तथा जनयुद्धकालिन कमाण्डर रुद्र पाखिनको स्मृति दिवसको अबसर पारेर हेटौंडादेखि बकैयासम्मको सडक नामाकरण गरिएको छ ।

बिहीवार मकवानपुर गढी गाउँपालिका-४, स्थित रुद्र बाटिकामा उनको शालिकमा माल्यापर्ण गर्दै मकवानपुरगढी हुँदै बकैया सिमात पुग्ने सडकलाई शहिद रुद्र मार्ग नामाकरण गरिएको हो । गाउँपालिकाले पाखिनको सम्झतामा सडक नामाकरण गरिएको जनाएको छ । गाउँपालिकाद्धारा पिप्ले मक्रान्चुली शिखरकटेरी गढीदरबार हुँदै फुलबारी रानिसेरा हुँदै सिमात बकैया गाउँपालिका जोड्ने मोटर बाटोलाइ शहिद रुद्र मार्ग नामकरण गरी जनयुद्धको शहिद्को सम्मान गरेकोमा रुद्र पाखिनका छोरा तथा नेकपा माओवादी केन्द्र मकवानपुरका सचिव भिम पाखिनले धन्यवाद दिएका छन् । शहिद पाखिनकै बुहारी मानकुमारी पाखिन नेपाली गाउँपालिकाको उपाध्यक्षसमेत छिन् ।




मकवानपुरगढी-४, कालिखोलास्थित रुद्र बाटिकामा २० औं स्मृति सभा आयोजना गरिएको थियो । प्रदेश सांसद तथा माओवादी केन्द्र बागमती प्रदेश कमिटी उपाध्यक्ष प्रेमबहादुर पुलामीको प्रमुख आतिथ्यतामा स्मृति सभा भएको हो । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, बागमती गाउँपालिका अध्यक्ष तथा माओवादी केन्द्र जिल्ला अध्यक्ष सर्केश घलान, मकवानपुर गढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानलगायतको आतिथ्यता थियो । स्मृति सभाको अबसरमा पखिनकी श्रीमती राममाया पाखिनलाई सम्मान व्यक्त गरिएको थियो ।

**को हुन् पाखिन ?**

स्वच्छ छवि र निडर स्वभावले चनिएका उनै पाखिनले संसार छोडेको बिहीवार २० वर्ष पुगेको हो । २०५४ सालबाट पूर्णभूमिगत भएर राजनीतिक गतिविधि सञ्चालनमा सक्रिय रही २०५९ पुस २८ गते विहान करिब साढे ८ बजे तत्कालिन नेपाली सेना र प्रहरी टोलीबाट पाखिनको हत्या भएको थियो । पार्टीको निर्देशन बमोजिम मकवानपुरमा जिल्ला जनसरकार गठनका लागि पाखिनले नै नेतृत्व गर्नुपर्ने भएपछि उनी २०५९ पुसमा उदयपुरबाट मकवानपुर खटिएका थिए । उनी मारिएकै दिन साविकको फापरबारी गाविस हालको बागमती गाउँपालिकामा जनसरकार घोषणा गर्ने कार्यक्रम थियो । उनी हालको हेटौंडास्थित रातदेवी हुँदै फापरबारीतर्फ हिँडेका थिए ।

मोटरसाइकलमा सवार पाखिन हालको बकैया गाउँपालिका साविकको छतिवन गाविसको गर गरेमा चेकिङमा परे । सेनाले उनको साथबाट युद्ध सामर्गी र परिचय भेटेपछि उनलाई मारिएको थियो । पाखिनलाई हात बाँधेर घोप्टो बनाएर उनको शरिरका ढाड, कोखामा गोली दागिएको थियो ।

मकवानपुरको गोगने-६, कालीखोला बांगेमा जन्मिएका पाखिनले आफ्नो जीवनकालमा रिक्सा र ठेला चलाउने, साइकल मर्मत गर्ने, घरघरमा रंग लगाउने र अखबार बेच्नेदेखि भारी बोक्ने कामसमेत गरे । अरुको कमजोरीप्रति टीकाटिप्पणी गर्नुभन्दा आफ्ना कमजोरीप्रति सजग र सचेत रहने शालीन व्यक्तित्वका रुपमा परिचित पाखिन राजनीतिक वृत्तमा 'रमेश' नामले परिचित थिए ।

सायदै त्यो दिन उनी नमारिएको भए, त्यो जनसरकार घोषणा कार्यक्रमले मकवानपुरको जनसरकार प्रमुख हुन्थे । उनको सम्झनामा बकैयाको गरगरे र मकवानपुरगढीमा स्मृति पार्क निर्माण गरिएको छ । मकवानपुरगढी गाउँपालिका मक्राञ्चुलीमा रहेको जनयुद्धकालिन शहीद रुद्र पाखिनको प्रतीमा करिब साढे ६ फिट अग्लो ग्लास फाइबरबाट बनाइएको छ । पाखिनको परिवारबाट उनको छोरा भिम र बुहारी मानकुमारी दुवै राजनीतिमा सक्रिय छन् ।

# मुख्यमन्त्री जमकट्टेलले भेटे प्रधानमन्त्री

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/ बागमती प्रदेशका नवनियुक्त मुख्यमन्त्री शालिकराम जमकट्टेलले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग भेट गरेका छन् ।



मुख्यमन्त्री जमकट्टेलले बिहिबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा पुगेर प्रधानमन्त्री दाहालसँग भेट गरेका हुन् । भेटमा प्रधानमन्त्री दाहालले मुख्यमन्त्रीमा नियुक्त भएकोमा जमकट्टेललाई बधाई तथा शुभकामना दिएका छन् । भेटको क्रममा प्रधानमन्त्री दाहालले जनतामा नयाँ आशा जागेको भन्दै त्यसलाई पूरा गर्नेगरी काम गर्न मुख्यमन्त्री जम्कट्टेललाई निर्देशन दिएका छन् ।

प्रधानमन्त्री प्रचण्डले मुन्यमन्त्रीलाई कांग्रेसले पनि विश्वासको मत दिने वातावरण बनाउन आग्रह गरे । प्रचण्डले सबै दलले विश्वासको मत दिनसक्ने वातावरण निर्माणको लागि पहल गर्न भनेका छन् । संघीय सरकारमा जस्तै बागमती प्रदेश सरकारमा पनि नेपाली कांग्रेस सहितका सबै दलले विश्वासको मत दिनसक्ने वातावरण निर्माणको लागि पहल गर्न भन्नुभयो, भेटपछि जम्कट्टेलले भने ।

प्रधानमन्त्री प्रचण्डलाई २७० सांसदमध्ये चित्रबहादुर केसी र प्रेम सुवालबाहेक २६८ सांसदले विश्वासको मत दिएका थिए । सत्ता समीकरण दलहरूसँग छलफल गरेर प्रदेशमा नमूना काम गर्न प्रचण्डले निर्देशन दिए। प्रधानमन्त्री प्रचण्डले जनतामा नयाँ आसा जागेको भन्दै त्यसलाई पूरा गर्ने गरी काम गर्न मुख्यमन्त्री जम्कट्टेललाई निर्देशन दिए ।

सत्ता समिकरण दलहरूसँग छलफल गरेर प्रदेशमा नमुना काम गर्न प्रधानमन्त्री दाहालले निर्देशन दिएको मुख्यमन्त्री सचिवालयले जनाएको छ । भेटको क्रममा मुख्यमन्त्री जम्कट्टेलले प्रदेश प्रहरी छिटो समायोजन गरिदिन र संघीय निजामति ऐन तत्काल निर्माण गरेर प्रदेशमा काम गर्न सहज वातावरण निर्माणको लागि अनुरोध गरेका थिए ।

# केशवलाल प्रतिष्ठान एनभीए च्याम्पियनसीपको क्वाटरफाइनलमा



साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/ मकवानपुरको केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान काठमाडौंमा जारी सातौं राष्ट्रिय एनभीए क्लब भलिबल च्याम्पियनसीपमा क्वाटरफाइनलमा प्रवेश गरेको छ ।

बिहीबार दशरथ रंगशालाको भलिबल कोर्टमा भएको खेलमा बुढानिलकण्ठ भलिबल एकेडेमीलाई सोझो ३ सेटले हराउँदै केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान क्वाटरफाइनल प्रवेश गरेको हो । प्रतिष्ठानले २७-२५, २५-१८, २५-१६ को सोझो ३ सेटले बुढानिलकण्ठलाई पराजित गर्यो । यस जितसँगै प्रतिष्ठानले ३ खेलबाट ६ अंक जोडेको छ ।

खेलको केल्मी प्लेयर अफ द म्याच बुढानिलकण्ठका विवेक तामाङ घोषित भए । खेल जितेसँगै प्रतिष्ठान दोस्रो चरणमा प्रवेश गर्नुका साथै नेपाल भलिबल संघले आयोजना गर्ने एनभीए लिगमा समेत खेल्न पाउने नेपाल भलिबल संघको भलिबल इन्फरमेसन सिस्टम (भिआइएस)का सदस्य सन्तोष श्रेष्ठले बताए ।

अब प्रतिष्ठानले शुक्रबार शसत्र प्रहरी बलको सामना गर्नेछ । खेल दिउँसो २ बजे हुनेछ । एनभिए भलिबल च्याम्पियनसीपको उपाधि विजेताले नगद ४ लाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले २ लाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । च्याम्पियनसीपको उपाधिको फाइनल खेल माघ १ गते हुनेछ ।

# स्काउट शिक्षक भेला र पुनर्ताजगी तालिम सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/ हेटौंडामा बिहीबारदेखि नगरस्तरीय स्काउट शिक्षक भेला र पुनर्ताजगी तालिम सुरु भएको छ ।

हेटौंडा उपमहानगर पालिकाको आयोजना तथा स्थानीय स्काउट समितिको संयोजनमा रस्तरीय स्काउट शिक्षक भेला र पुनर्ताजगी तालिम सुरु भएको हो । तालिम दुईदिनसम्म चल्नेछ ।

हेटौंडा उपमहानगर पालिका शिक्षा विकास महाशाखाका प्रमुख गंगाधर रिमालको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाकी मेयर मिना लामाको प्रमुख आतिथ्यमा पुनर्ताजगी तालिमको सुरुवात गरिएको थियो ।

कार्यक्रममा बोल्दै मेयर लामाले अतिरिक्त क्रियाकलापसँगै राष्ट्रिय भावना युवालाई जोड्नु संवेदनशिल विषय रहेको बताइन् । प्रविधिमैत्रीले चुनौतिसँगै अवसर जोडिएको बताउनुहुँदै उपमहानगरले स्काउटलाई पूर्णता दिन सहयोग गर्ने प्रतिबद्धता जनाइन् ।

स्थानीय स्काउट कार्यालयका संयोजक दिपेन्द्र रोक्काले विद्यालयहरुमा स्काउटले पूर्णता नपाइरहेको अवस्थामा एक विद्यालय एक स्काउट शिक्षक अवधारणालाई प्रभावकारी बनाउन भेला र तालिम आयोजना गरिएको दिए । नेपाल स्काउट बागमती प्रदेश स्काउटका सदस्य अशोक सारु मगरले स्काउट शिक्षक पुनर्ताजगी प्रशिक्षण सुरु गरेका छन् ।

# चुच्चेखोला वन नयाँ कार्यसमितिको सपथ ग्रहण

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/ हेटौंडा उपमहानगरपालिका-६ मा रहेको चुच्चेखोला सामुदायिक वन उपभोक्ता समूहको नवनिर्वाचित कार्यसमितिको सपथग्रहण कार्यक्रम भएको छ ।

डिभिजन वन कार्यालय मकवानपुरका सहायक वन अधिकृत बसन्तराज गौतमको प्रमुख आतिथ्यता तथा निर्वाचन समिति संयोजक गिता सापकोटाको सभाध्यक्षतामा कार्यसमितिका पदाधिकारी र सदस्यहरुले पद तथा गोपनीयताको सपथ लिएका छन् । समूहको यसअघि भएको निर्वाचनबाट अध्यक्षमा लक्ष्मण कटुवाल, उपाध्यक्षमा उमेश अधिकारी, सचिबमा राधिका बिडारी, सह-सचिवमा बद्री भन्डारी, कोषाध्यक्षमा कमला दाहालसहित नयाँ कार्यसमिति र लेखा समिति सर्वसम्मत चयन गरेको थियो ।

सपथ ग्रहण कार्यक्रममा सहायक वन अधिकृत गौतमले नवनिर्वाचित कार्यसमितिलाई सपथ गराउँदै प्रमाणपत्र वितरण गरेका थिए । कार्यक्रममा रानी वन समूहका उपाध्यक्ष केशव धिताल, चुच्चेखोला वनका पूर्व अध्यक्ष उदय विडारी, कार्यालय सचिव केदार गौतम लगायतले आफ्नो धारणा राखेका थिए । चुच्चेखोला वन जिल्लाकै उत्कृष्ट सामुदायिक वनभित्र पर्छ ।

# बहुद्देश्यीय सहकारी संघ अध्यक्षमा पुन: न्यौपाने



साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/जिल्ला बहुउद्धेश्यीय सहकारी संघ मकवानपुरको ९ औं वार्षिक साधारणसभा बिहीवार हेटौडामा भएको छ ।

साधारणसभाले रामहरि न्यौपानेको अध्यक्षतामा ११ सदस्यीय नयाँ सञ्चालक समिति सर्वसम्मत चयन गरेको छ । न्यौपाने पुन: अध्यक्षमा चयन भएका हुन् । समितिको उपाध्यक्षमा शर्मिला डंगोल, सचिवमा प्रतिमा श्रेष्ठ र कोषाध्यक्षमा पुरुषोत्तम कार्की चयन भएका छन् ।

यसैगरि सदस्यहरुमा भीमसेन पौडेल, शिवकुमार खत्री, भोगेन्द्र लुईटेल, सिह बहादुर विक.मोती लामा, कुलकुमारी बस्नेत र शुक्रदेवी बल चयन भएका छन । लेखा सुपरिवेक्षण समितिको संयोजकमा रामेश्वर अर्याल र सदस्यहरुमा जानकी दाहाल र रमिला सापकोटा चयन भएका छन ।

साधारणसभामा संस्थाका अध्यक्ष न्यौपानेले संस्थागत प्रतिवेदन, सचिव शर्मिला डंगोलले प्रगति प्रतिवेदन र कोषाध्यक्ष विमल कुमार ढकालले आर्थिक प्रतिवेदन पेश गरेका थिए ।

बागमती प्रदेश सहकारी बोर्डका उपाध्यक्ष नारायणप्रसाद देवकोटाको प्रमुख आतिथ्यतामा भएको साधारणसभामा हेटौडा-९ का निवर्तमान वडा अध्यक्ष लक्ष्मण प्रसाद भण्डारी, जिल्ला सहकारी संघका पूर्व अध्यक्ष बद्री प्रसाद लम्साल, बागमती प्रदेश सहकारी संघका सञ्चालक बिमल ढकाल, जिल्ला सहकारी संघका सचिव विरेन्द्र प्रसाद ढुंगानालगायतको उपस्थिति रहेको थियो । संघमा १९ वटा बहुउद्धेश्यीय सहकारी संस्थाहरु आवद्ध रहेका छन ।

# डिभिजन वनमा समन्वयात्मक बैठक



साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/ डिभिजन वन कार्यालय, मकवानपुरको आयोजनामा बिहीवार जिल्लास्थित सामुदायिक वनहरुबीच समन्वयात्मक बैठक भएको छ ।

बैठकमा सहभागी सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरुले समूहमा आईपरेका विभिन्न समस्याहरु र तिनको उपायहरुको बारेमा जानकारी गराएका थिए ।

बैठकमा वन डढेलो, चोरी निकासी, वन व्यवस्थापन, जंगली जनावरबाट पाएका दु:ख, क्रसरले पारेको असर, औद्योगिक क्षेत्रबाट निस्कने फोहोरजन्य पदार्थ, वर्तमान वनको नियमावली लगायतका विषयहरुमा छलफल गरिएको थियो ।

सामुदायिक वन उपभेक्ता महासंघ, मकवानपुरका अध्यक्ष साधुराम चौलागाईको सभाध्यक्षतामा भएको कार्यक्रममा सव डिभिजन वन कार्यालय हेटौंडाका प्रमुख रामचन्द्र श्रेष्ठ, अधिकृत आश्मा सुवेदी, फरेष्टर यदुकुमार घिमिरेलगायतकाले सहजीकरण गरेका थिए ।

बैठकमा सामुदायिक वन उपभोक्ता महासंघ, स्थानीय महासंघ, हेटौडाका अध्यक्ष शम्भुप्रसाद न्यौपाने, विभिन्न सामुदायिक वनका पदाधिकारी र कर्मचारीहरुको सहभागिता रहेको थियो ।

**रेष्टुरेन्ट बिक्रीमा**

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.: ९८४५२९०३९१, ९८५५०८५३९१

**कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

**GOOD FRIDAY**

(WITH 20% FLAT DISCOUNT)

# SPECIAL MENU

- CHICKEN MO:MO (WITH SOUP)
- VEG. MO:MO (WITH SOUP)
- PORK/CHICKEN/MUTTON BBQ
- AALOO TIMURE
- CHICKEN PEPPER
- PRAWN FRY
- MO:MO JHANEKO
- VEG. TEMPORA
- PIZZA(VEG/CHICKEN)

AVOCADO & ORCHID RESORT
HETAUDA
057-520429(HOTEL) & 520611 (RESTRO)

**थप सुविधाका साथ हाम्रा सेवाहरु**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्धारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्धारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्धारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

**हिसाब बुझाउन हुन सूचना**

*प्रकाशित मिति २०७९/०९/२९ गते*

तपाई जिल्ला मकवानपुर हेटौंडा उपमहानगरपालिका वडा न. २ अवस्थित मुक्तिनाथ एग्रो इण्डष्ट्रिजका प्रोप्राइटर (संचालक) श्री नरहरी बरालले यस उद्योगबाट उद्योमा लिएको सामानहरुको रु.१,४७,००१।- (अक्षेरुपी : एक लाख सइतालिस हजार एक मात्र) हालसम्म भुक्तानी नगरी फरार हुनु भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र हरहिसाब चुक्ता गर्न आउनुहोला । तोकिएको समयमा हिसाब चुक्ता गर्न नआउनु भएमा कानून बमोजिम प्रक्रिया अवलम्बन गरी असुल उपर गरिने व्यहोरा जानकारी गराइन्छ ।

संचालक
**श्री शिवशक्ति एग्रो प्रा.लि.**
जितपुर सिमरा उपमहानगरपालिका वडा नं. ७, बारा

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन**

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

**हेटौडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि

**हेटौडा सिटी हस्पिटल प्रा.लि.**

हेटौडा उपमहानगरपालिका-१
फोन न.:०५७-५२०३१५

समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना